# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्याः २६/ ०८०/ ०८१ मितिः २०८१/ ०३/ २३

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उपप्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव,प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

आज मिति २०८१ साल आषाढ २३ गते आइतबारका दिन अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमका निर्णयहरु गरियो ।

१. **बजार ठेक्का अनुमोदन सम्बन्धमा** ।

यस अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) कार्यविधि, २०७४ बमोजिम यस अर्जुनधारा नगरपालिकाका हाटबजारहरुको कर संकलन तथा विज्ञापन कर संकलन गर्ने सन्दर्भमा ठेक्का बन्दोवस्तीका लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम पर्न आएका ठेक्का प्रस्तावहरुको मूल्याङ्कन गरी नगर कार्यपालिकाको कार्यालयको बोलपत्र मूल्याङ्कन समितिको मिति २०८१/०३/१३ र १४ गतेको सिफारिस बमोजिम निम्न बमोजिम ठेक्का प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

| ठेक्का नं | ठेक्काको विवरण | न्यूनतम कबोल अङ्क (भ्याट बाहेक) | प्रस्तावकको नाम, ठेगाना | कबोल अङ्क (रु) (भ्याट बाहेक) |
|---|---|---|---|---|
| AM/IR/20/080/81 | आइतबारे बजार पशु चौपाया विक्री कर र साप्ताहिक हाट बजार कर (भिटौरी सहित) | ४५०००००/- | गैंडे निर्माण सेवा, कनकाइ-३, झापा | ६७९३६०७/- |
| AM/IR/21/080/81 | बजार ठेक्का (खसी, बाखा, शनिश्चरे, साप्ताहिक, हाटबजार, कोला बजार, गोसहाट शनिश्चरे) | ५५०००० | नुमा निर्माण सेवा, अर्जुनधारा-१ | ५५५०००/- |
| AM/IR/2/080/81 | विज्ञापन कर | २,२०,००१/- | राधिका निर्माण सेवा गढी-१, सुनसरी | २,२०,००५/- |

**२. नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त विविध प्रस्तावहरुका सम्बन्धमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।**

(१) यस नगरपालिकाले नियमित राजश्व प्राप्त गरिरहेको अर्जुनधारा नगरपालिका वडा नं ८ स्थित नगरपालिकाको स्वामित्वमा रहेका व्यवसायिक भवन, खसि बजारका सटर,छाना ,गेट लगायतका विभिन्न संरचनाहरु जीर्ण भई तत्काल मर्मत सम्भार गर्नुपर्ने देखिएकाले नगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत श्रम अभियानका लागि विनियोजित बजेटबाट खर्च नभई बचेको रकमबाट रु ४ लाख रकमान्तर गरी उक्त कार्यको मूल्याङ्कन बमोजिमको रकम भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

(२) यस नगरपालिकामा राष्ट्रिय परिचयपत्र वितरणका लागि जिल्ला प्रशासन कार्यालयबाट खटी आएको टोलीको खाना/खाजा तथा आवाश बापतको खर्च भुक्तानीका लागि वडा कार्यालयहरुबाट बिल भरपाई प्राप्त भएकोमा उक्त खर्च भुक्तानीका लागि तत्काल श्रोतको चाप परेको हुँदा विविध खर्च शीर्षकबाट रु. ५० हजार सम्म खर्च भएको हकमा बिल बमोजिमको रकम तथा रु. ५० हजार भन्दा बढी खर्च भएको हकमा ५० हजारसम्म भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

(३) यस अर्जुनधारा नगरपालिका भएर बहने नदीहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्नका लागि सम्बन्धित विषयविज्ञ संस्थाको परामर्श सेवा खरिदका लागि आगामी वर्षको बजेटबाट भुक्तानी हुने गरी रु ५ लाख विनियोजन गर्ने र प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धि प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

(४) अर्जुनधारा नगरपालिकाको गत आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत वडा नं ४ को हरि खतिवडाको घरपूर्व दाहाल चौक जोड्ने सडक कालोपत्रे गर्नका लागि रु १६ लाख ५० विनियोजन भएकोमा रनिङ्ग बिल बापत गत वर्ष रु ६ लाख ६५ हजार भुक्तानी भएको र गत वर्ष बजेट विनियोजन भएको तर कार्य सम्पन्न नभएका आयोजनाहरुका लागि चालु आर्थिक वर्षमा सम्पन्न गर्ने गरी म्याद थप भएकोमा उक्त योजनाका दायित्व सार्ने क्रममा रु १ लाख ५० हजार मात्र दायित्व सरेको देखिएकाले उक्त आयोजनाको कार्यसम्पन्न हुँदा भुक्तानी गर्न अपुग हुने रकम रु ९,६७,९४९/३७ नगरपालिकाको चालु आर्थिक वर्षको ठेक्का नं AM/NCB/WORKS/04-080/81 Construction of Blacktop Road on Arjundhara-4 मा ठेक्का बन्दोवस्त भई बाँकी रहेको रकम तथा समपुरक कोषबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

(५) अर्जुनधारा नगरपालिका, ११ नं वडा कार्यालयको च.नं ३९४४ मिति २०८१/०३/१९ को सिफारिस पत्र बमोजिम पाथिभरा मार्ग रोड नं २ मा ब्लक बिच्छ्याउने योजनामा भुक्तानीका लागि अपुग रकम पाथिभरा मार्ग रोड नं १ तथा सिरिजङ्गा मार्ग रोड नं २ मा ब्लक बिच्छ्याउने योजनाको बाँकी रकमबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

(६) यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत बजेट तथा कार्यक्रममा नगर सभाबाट अनुमोदन हुने गरी निम्न बमोजिमको रकमान्तर तथा विनियोजन थप गर्ने निर्णय गरियो ।

**रकमान्तर**

| **घटाउने** | | **बढाउने** | |
|---|---|---|---|
| कर्मचारी प्रोत्साहन | 200000।- | छपाई | 200000।- |
| सभा सञ्चालन | 500000।- | इन्धन | 500000।- |
| अध्ययन भ्रमण | 500000।- | सवारी साधान मर्मत | 500000।- |
| अनुगमन मूल्याङ्कन | 380000।- | मसलन्द समाग्री | 380000।- |
| भूमी व्यवस्थापन | 700000।- | मेशिनरी औजार | 700000।- |
| **जम्मा** | **2280000।-** | **जम्मा** | **2280000।-** |

(७)

**स्थानीय राजस्वबाट थप**

| | | |
|---|---|---|
| 1. | छपाई | 100000।- |
| 2. | इन्धन | 500000।- |
| 3. | मेशिनरी औजार | 120000।- |
| 4. | फर्निचर | 175000।- |
| 5. | मसलन्द | 320000।- |
| 6. | अन्य सम्पत्तिको मर्मत संभार | 100000।- |
| 7. | निर्मित सम्पत्तिको मर्मत संभार | 150000।- |
| 8. | विपद व्यवस्थापन | 400000।- |
| **जम्मा** | | **1865000।-** |